जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५




वर्ष ३२ अंक ६६ २०७९ साल असोज १८ गते मंगलबार (4 Oct 2022 Tuesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : अर्थतन्त्र चलायमान बनाउने.. ३ पृष्ठमा : दसैं ले सुनसान बन्यो काठमाडौं , ... ३ पृष्ठमा :२०२२ को चिकित्सातर्फको नोबेल

# निर्माणाधिन भवनको छतमा महिलाको शव फेला

**दैनिक समाचारदाता**
**राजविराज, १७ साउन ।**

राजविराज नगरपालिका ३ स्थित नेपाल सहकारी सस्था लिमिटेडको निर्माणाधीन भवनको दोस्रो तलाको छतमा एक महिलाको शव सोमबार फेला परेको छ ।

रौतहटको चन्द्रपुर नगरपालिका ५ निवासी हाल राजविराज नगरपालिका ६ मा बस्दै आएका सुरजराज राईको ३३ वर्षीय श्रीमती रन्जना राई शव फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

राजविराजस्थित होटलमा काम गर्दै आइरहेकी राई श्रीमानसँग दुई वर्ष देखि छुटिएर एक्लै बस्दै आइरहेको प्रहरीले जनाएको छ ।

महिलाको हत्या गरेको हुन सक्ने प्रहरीले अनुमान गरेको छ । महिला हत्याको कारण खुल्न बाँकी रहेको र अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका सप्तरीका प्रवक्ता एवं डिएसपी नरेश सिंहले जानकारी दिए ।

# भन्सार छलेर ल्याउँदै गरेको तीन लाख भन्दा बढी मुल्य बराबरको सामान बरामद

**दैनिक समाचारदाता**
**राजविराज, १७ साउन ।**

सप्तरी प्रहरीले भन्सार छलेर चोरी निकासी गर्दै नेपालतर्फ ल्याउँदै गरेको तीन लाख भन्दा बढी मुल्य बराबरको सामानहरु बरामद गरेको छ ।

आइतबार प्रहरीले राजबिराज ११ भ्फलहीबाट प्रदेश न. २-०१-००१ ह ०२१६ न. को टेम्पोलाई चेक जाँच गर्ने क्रममा भन्सार छलेर ल्याउँदै गरेको २ लाख ८५ हजार मुल्य बराबरको लत्ताकपडाहरु बरामद गरेको छ ।

उक्त लत्ताकपडा, ट्याम्पो तथा टेम्पो चालक तिलाडी कोईलाडी ५ बनरभ्फुला बस्ने २० वर्षिय तेज नारायण पंडित र टेम्पोमा सवार सोही गाउँपालिका १० तोपा बस्ने ३० वर्षिया सुनिता मण्डललाई नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागी राजबिराज भन्सार कार्यालय तिलाठी पठाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै आइतबारै जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका १४ रामपुरमल्हनियामा भारतबाट भन्सार छली चोरी निकासी गरी ल्याएका किराना सामानहरु प्रहरीले बरामद गरेको छ ।

प्रहरीका अनुसार ३४ हजार ६ सय मुल्य बराबरको ती किरानाका सामानहरु बरामद गरि आवश्यक कारवाहीको लागी राजबिराज भन्सार कार्यालय तिलाठी पठाइएको छ ।

# महाअष्टमीमा दुई करोडको लड्डु बिक्री

धनुषा, १७ असोज (रासस) ।

मधेस प्रदेशको राजधानी जनकपुरधाम दसैँको महाअस्ष्टमीका दिन विभिन्न शक्तिपीठमा प्रसाद चढाउनका लागि करिब रु दुई करोडको लड्डु बिक्री भएको छ ।

जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष जितेन्द्र महासेठले सोमबार जनकपुरधाममा करिब ३५ हजार किलो लड्डु बिक्री भई रु दुई करोडको आर्थिक कारोबार भएको हुनसक्ने जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "बजारमा फरक-फरक प्रकारका लड्डुको बिक्री भएको छ । त्यसमा रिफाइन घ्यूवाला लड्डु, शुद्ध घ्यूवाला लड्डु, मोतीचूरको लड्डु, महीनदाना लड्डु, गोंद लड्डु, मेवा लड्डु लगायत बिक्री भएको हो । यसबाहेक खीर कदम, केसर सन्देश, मेवा पैक, काजु बर्फीको पनि बिक्री भएको छ । यस हिसाबले हेर्ने हो भने करिब रु दुई करोडको लड्डु बिक्री भएको अनुमान छ ।"

जनकपुरधाम मुख्य बजार क्षेत्रमा रहेको दुई सयभन्दा बढी मिठाई पसलबाट मिठाई बिक्री भएको हो । हंसराज मिठाई पसलका सञ्चालक हंसराजले महाअष्टमीका दिन माता राजदेवीलाई प्रसाद चढाउनका लागि अधिकांशले लड्डु खरिद गरेको बताउनुभयो ।

बजारमा आइतबार साँझदेखि नै मिठाई पसलेहरू लड्डु बनाउन व्यस्त देखिएका थिए भने आइतबार रातिदेखि ग्राहकको भीड पनि अत्यधिक बढेको थियो ।

अर्कोतर्फ बजार अनुगमनको अभावले अखाद्य सामग्रीको प्रयोग गरी बनाइएका लड्डुहरु पनि अत्यधिक मात्रामा बिक्री भएको उपभोक्ताहरुले बताएका छन् ।

बजारमा सानादेखि ठूला मिठाई पसल सञ्चालन गर्ने पसलेहरुले अखाद्य सामग्रीको प्रयोग गरी बनाएका मिठाई सेवनका कारण मानव स्वास्थ्यमाथि गम्भीर प्रभाव पार्नसक्ने स्वास्थ्यकर्मीहरूले जनाएका छन् ।

# दुर्गा मन्दिरमा पचहत्तर तोला सुनका गहना

गोलबजार, १७ असोज (रासस) ।

सिरहाको लहानस्थित दुर्गा माताको मूर्तिलाई ७५ तोला सुनको गरगहना चढाइएको छ ।

माता दुर्गाको मूर्तिका लागि मात्र त्यत्रो परिमाणको सुनका गरगहना बनाइएको जिल्ला उद्योग वाणिज्य संघ सिराहाका अध्यक्ष विकास शारदाले बताउनुभयो । माताको मूर्तिको घाँटीमा लगाइने चोकर मात्र २१६.९६ ग्राम अर्थात् १८.६० तोला सुनको छ ।

त्यस्तै दुर्गा मातालाई लगाइएको ठूलो रानीहार ३० तोला र नेकलेस १० तोला, बाला १० तोला र अन्य साढे छ तोला बराबरको शिरबन्दी, नथिया, पिँजडा भ्फुम्का रहेका छन् ।

यी सबै गरगहना दुर्गा पूजा समितिका सदस्यहरूबाट प्राप्त चन्दा, मन्दिरमा आउने भक्तजनबाट प्राप्त भेटी तथा स्थानीय व्यापारीबाट संकलन गरिएको आर्थिक सहयोगबाट निर्माण गरिएको हो । माता दुर्गाको मूर्तिबाहेक अन्य देवीदेवता र असुरहरूको मूर्तिसमेतलाई चाँदीका गरगहनाले सजाइएको हो । देवीदेवता र असुरहरूले प्रयोग गर्ने सबै शृंगार तथा हातहतियार पाँच केजी चाँदी प्रयोग भएको हो ।

मेला अवधिभर ती मूर्ति तथा गरगहनाको संरक्षण नेपाल प्रहरी तथा सशस्त्र प्रहरीको संयुक्त टोलीबाट गरिने ईलाका प्रहरी कार्यालय लहानका प्रमुख प्रहरी नायब उपरीक्षक कुमारप्रसाद मैनालीले बताउनुभयो ।

गरगहनाको निगरानीका लागि मन्दिरभित्र र बाहिर विभिन्न स्थानमा सीसीटीभी क्यामरा जडान गरिएको बताइएको छ।

**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

**केही सिट बाँकी रहेकोले तुरुन्त सम्पर्क राख्नुहोला ।**


**जगदम्बा मेडिकल इन्स्टिच्यूट**

**राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक**

**फोन नं. ०३१-५२१४७८**

**मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५**

**हार्दिक मंगलमय शुभकामना**



२०७९ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**भुपेन्द्र प्रसाद यादव**

**अध्यक्ष, तथा**

**समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.**

**संचालक समिति परिवार**

**राजविराज ८, सप्तरी**

# अर्थतन्त्र चलायमान बनाउने पर्व दसैं

धनुषा, १७ असोज (रासस)।

हिन्दू धर्माम्बलम्बी नेपालीको महान चाड दसैंलाई हरेक वर्ष बजारले नयाँ-नयाँ रौनकतासहित स्वागत गरेको छ। कोराना महामारीले अघिल्ला दुई वर्ष सुनसान बनेका यहाँका बजार क्षेत्रमा यस वर्ष भने पुनः वस्तु वा सेवा खरिद बिक्री गर्नेको भिडभाड दोहोरिएको छ।

दसैंले छोपिएको यतिबेला मधेस प्रदेशको राजधानी जनकपुरधामको बजारसहित देशभरिकै बजारमा हरेक वर्ष झैं चहलपहल बढेको छ। किराना सामानदेखि लत्ताकपडा, गरगहना, सवारीसाधन, माछामासु, मदिरा, हल्का पेय पदार्थ, मोवाइल, टेलिभिजन, कपडा धुने मेसिन, फ्रिजलगायत विद्युतीय उपकरणका पसलहरूमा किनमेल गर्नेहरूको भीड अत्याधिक देखिएको छ। वस्तुका अतिरिक्त सेवा क्षेत्रमा सार्वजनिक सवारीसाधन, होटल/रेस्टुरेन्ट, एयरलाइन्सको व्यापारमा पनि बढोत्तरी देखिएको छ।

दसैं र लगत्तै पर्ने तिहार र छठलाई केन्द्रित गरेर विक्रेता तथा सेवाप्रदायकले विभिन्न छुटका कार्यक्रमहरू सार्वजनिक गरिरहेका छन्। उपभोगमा आधारित हाम्रो अर्थतन्त्रमा कुल उपभोगको एक तिहाइ दसैंमा उपभोग हुने अनुमान गरिन्छ। लामो बिदा र घरपरिवार, आफन्त, साथीभाइ जम्मा भएर मनोविनोद गर्ने, खुसी साटासाट गर्ने र मान्यजनको आशिर्वाद लिने दसैं पर्वमा मानिसले धक फुकाएर खर्च गर्छन्। यसले बजारमा बहार ल्याउने र अर्थतन्त्रलाई चलायमान बनाउन मद्दत गर्ने अर्थशास्त्रका विज्ञहरू बताउँछन्।

जनकपुरधामका अर्थशास्त्र विषयमा लामो समयदेखि प्राध्यापन गर्दै आउनु भएका उज्ज्वल दाहाल वर्षभरि हुने घरयासी खर्चको एकतिहाइ दसैंमा खर्च हुने गरेको बताउनुहुन्छ। उहाँले उद्योगी व्यवसायीले दसैं, तिहार र छठ पर्वसँगै वस्तु र सेवाको व्यापारका लागि नयाँनयाँ छुटका कार्यक्रमहरूसहित ग्राहकलाई लोभ्याउने गरेको बताउनुभयो।

"दसैंको व्यापारले वर्षभरिको व्यापारको चक्रलाई ठूलो भरणपोषण गर्छ", जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष जितेन्द्र महासेठ भन्नुहुन्छ। टिकाउ वस्तु फर्निचर, इलेक्ट्रोनिक्स, ग्याजेटलगायतका खरिदकर्तालाई दसैंको बेला दिइने छुट नै पर्खेर बस्ने बानी लागिसकेको उहाँको भनाइ छ। अहिले इन्टरनेट सेवाप्रदायक, ट्राभल एजेन्सी, दूरसञ्चार सेवाप्रदायक तथा होटल/रेस्टुरेन्टले दसैं लक्षित प्याकेज बिक्री गर्न थालेका छन्।

दसैंले बजारलाई गुलजार बनाउने भएकाले फूलपाती अघिसम्म विक्रेताले छुट र उपहारका विविधि योजना ल्याएर ग्राहकलाई आकर्षित गर्न खोजिरहेको हुँदा हरेक बजार मात्र होइन, सपिङ कम्प्लेक्सदेखि अनलाइन सपिङमा समेत दसैं केन्द्रित किनमेलको चाप बढ्दो छ। दसैं, तिहार र छठलगायत चाडपर्वमा नेपालको अर्थतन्त्र बढी चलायमान हुने गरेको दाहाल बताउनुहुन्छ।

रोजगारी वा अध्ययनका लागि नेपाल बाहिर रहेका व्यक्तिहरू पनि दसैं मनाउन आ-आफ्नो गाउँघर आउनेहरूको क्रम जारी छ। सर्वसाधारणले पनि ठूला चाडपर्वका लागि रकमको जोहो गर्ने र यही समयमा बढी खर्च गर्ने गरेको पाइन्छ। कर्मचारीले दुई महिनाको तलब एकै महिना खर्च गर्छन्। यसले पनि दसैंमा अर्थतन्त्र कति चलायमान हुन्छ भन्ने देखाउँछ। सरकारले दसैंको अवसर पारेर आफ्ना कर्मचारीलाई एक महिनाको तलब दिने गर्दछ भने अन्य सङ्घसंस्था, बैंक तथा वित्तीय संस्था र व्यापारिक प्रतिष्ठानहरूले पनि कर्मचारी, कामदारलाई केही खर्च दिने गरेका छन्। यतिबेला बजारमा पैसा चलायमान हुने भएकाले दसैंलाई अर्थतन्त्र चलायमान बनाउने एउटा प्रमुख पर्व भएको अर्थशास्त्री डा सुरेन्द्र लाभको भनाइ छ।

दसैं तिहारलाई लक्षित गरी नयाँ सवारी साधन खरिदमा छुट, सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउने घोषणा यही बेला हुनाले पनि अर्थतन्त्र चलायमान हुने गरेको हो। "पहिले पनि दसैं अर्थतन्त्रलाई चलायमान बनाउने एउटा प्रमुख पर्व थियो। पहिले दसैं विशेषमा मात्र किनमेलका लागि बजार लाग्थ्यो भने हाल पर्याप्त समय निकाल्न नसकेका नेपालीले यही अवसरमा लत्ताकपडासहित सामानको किनमेल गर्ने गर्दछन्। कतिपयमा यही समयमै खरिद गर्नुपर्छ भन्ने मानसिकता समेत विकसित भएको देखिन्छ", अर्थशास्त्री डा लाभले भन्नुभयो।

पछिल्ला वर्षहरूमा बजारमा चहलपहल बढ्ने अर्को कारण दसैंको समयमा विदेशबाट प्राप्त हुने विप्रेषण (रेमिट्यान्स) भएको अर्थशास्त्रीहरू बताउँछन्। विदेश बस्ने नेपालीले यही समयमा बढी रेमिट्यान्स पठाउने गरेका छन्। अन्य महिनाको तुलनामा दसैंमा करिब २५ देखि ३० प्रतिशत बढी रकम रेमिट्यान्स आउने गरेको नेपाल राष्ट्र बैंकको तथ्याङ्कले देखाउँछ। राष्ट्र बैंकको तथ्याङ्कअनुसार औषतमा दसैंताका करिब रु १०/१५ अर्ब रेमिट्यान्स नेपाल भित्रिन्छ। यसमा भारतमा काम गर्न गएका नेपालीले दसैंमा घर फर्किदा लिएर आउने रकम भने जोडिएको छैन। भारतमा हजारौंको सङ्ख्यामा नेपाली कार्यरत रहेकाले पनि यसको हिस्सा नेपालको अर्थतन्त्रमा फराकिलो हुने गर्दछ।

अर्थविद्हरूका अनुसार दसैंअघिका दुई-तीन हप्ताको अवधिमा वर्षभरिको कूल राष्ट्रिय उपभोगको २० प्रतिशत जति उपभोग हुने देखिन्छ। दसैं, तिहार र छठ पर्वसम्म बजारमा करिब रु पाँच अर्बको कारोबार हुने गरेकाले पनि यो प्रमुख चाडपर्वको आर्थिक पाटो वास्तवमा नै बृहत रहेको अर्थशास्त्री डा लाभको भनाइ छ। खर्च गर्ने प्रवृत्ति बढ्दै जानुले व्यापारीका लागि यो समय एक किसिमले वर्षभरिलाई पुग्नेगरी नाफा कमाउने समय पनि भएको छ।

दसैं अघिको समयमा मात्र अन्य समयको १० महिना बराबर व्यापार हुने गरेको जलेश्वर उद्योग वाणिज्य सङ्घका अध्यक्ष लवराजा सिंहको भनाइ छ। उहाँको अनुसार छुट तथा विभिन्न आर्कषक योजनाका कारण पनि यसबेला बजारमा रौनक बढेको हुन्छ। यतिखेर मधेस प्रदेशको राजधानी जनकपुरधाममा दसैंको निकै चहलपहल बढेको छ। जनकपुरका मुख्य बजारहरू शिवचोक, रामचोक, मुरलीचोक, जानकीचोकलगायतका ठाउँमा किनमेल गर्ने मानिसको बाक्लो उपस्थिति देखिन्छ।

जनकपुरधाममा असोज १० गते घटस्थापनादेखि शुरु भएको दसैं बजार असोज १७ गते महाअष्टमीसम्म सञ्चालन हुने गर्दछ। सस्ता बजारको नाममा चिनिने यस बजारको जनकपुरधाम उद्योग वाणिज्य सङ्घको पहलमा जिल्ला प्रशासन कार्यालय धनुषाको समन्वय तथा सहकार्यमा शुरु भएको दसैं बजारले स्थानीय तथा राष्ट्रिय उत्पादनहरू बढी मात्रामा रहेकाले देशकै आर्थिक गतिविधि बढ्ने विश्वास धनुषाका प्रमुख जिल्ला अधिकारी एवं मेला व्यवस्थापन समितिका अध्यक्ष सुरेन्द्र पौडेलको रहेको छ।

मेलामा खाद्यान्न सामाग्रीहरू, साबुन, अगरबत्ती, चाउँचाउँ, बिस्कुट, प्लास्टिकका भाडा वर्तन, कपडा, चप्पल जुत्ता, शृङ्गारका सामाग्रीहरू सहितका अन्य दैनिक उपभोग्य सामाग्रीहरू सहित ९४ वटा बिक्री कक्षमा राखिएको वाणिज्य सङ्घले जनाएको छ।

विगतमा कोरोना महामारीका कारणले सुसुप्त बनेको आर्थिक गतिविधि तीव्र बनाएर सहुलियत दरमा सामानको बिक्री वितरण गर्ने काम भइरहेकाले यसले आम तथा निम्न वर्गका उपभोक्तालाई राहत पुग्ने विश्वास गरिएको छ। जनकपुरधामको ऐतिहासिक गोपाल धर्मशालामा शुरु भएको दसैं बजार विगत वर्षहरूमा कोरोना महामारीका कारणले नलागे पनि यसपटक धेरैले खोप लिइसकेको र कोरोना नियन्त्रणको अवस्थामा रहेकाले दसैं बजार आयोजना गरेको प्रमुख जिल्ला अधिकारी पौडेलले जानकारी दिनुभयो।

सस्तो बजारको रूपमा रहेको दसैं बजारको मूल्यमा नै जनकपुरधामको केही पसलमा मूल्यसूची राखेर उपभोग्यका सामानहरू छठसम्म बिक्री गराउने निर्णय भएको जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष जितेन्द्र महासेठले जानकारी दिनुभयो। दसैं बजारबाट उपभोक्ताका साथै खुद्रा व्यापारीहरूले पनि खरिद गरेर लाने भएकाले यसमा करोडौंको कारोबार हुने गरेको छ। सोझै कम्पनीबाट नै सामानहरू जनकपुरधामको सस्तो बजारमा आउने गरेकाले सामानहरू सस्तो पर्ने गरेको जनकपुरधाम उप महानगरपालिकाका प्रमुख मनोज साहले जानकारी दिनुभयो।

# सागसब्जी ताजा पाउन गाह्रो, बजार महङ्गो

काठमाडौं, १७ असोज (रासस)।

बडादसैं भन्ने बित्तिकै खानेकुरामा मासु नै विशेष मान्ने गरिन्छ। तर मासु नखाने शाकाहारीले कसरी दसैं मनाउँछन् भन्ने आम मानिसको चासोको विषय हुने गरेको छ।

नेपालीको महान् पर्व बडादसैंमा मांसाहारीले मासु खाएजस्तै शाकाहारीले पनि अन्य मीठा परिकार खाने गर्छन्। पनिर, च्याउका विभिन्न प्रजाति, फलफूल, गुँदपाकजस्ता परिकार खाएर शाकाहारीले दसैं मनाउँछन्। बजारमा भने शाकाहारीका लागि यी सामग्री पाउन नै मुस्किल हुने र पाए पनि ताजा नपाउने गरेको उपभोक्ताको गुनासो छ।

बागबजारस्थित तरकारी बजारमा शाकाहारी दसैंको सामान लिन आउनुभएकी डिल्लीबजारकी रमा सत्याल दसैंका समयमा च्याउ, काउलीजस्ता तरकारी ताजा नपाउने गरेको अनुभव सुनाउनुहुन्छ। खसीबजारसँगैको यो तरकारी बजारमा दुई चार दिनअघि नै ल्याएका तरकारी पाइएको उहाँले सुनाउनुभयो। बजारमा काउली कालो कालोमात्र भेटिएको छ।

विगत १० वर्षदेखि यहाँ तरकारी व्यवसाय गरी आउनुभएका काभ्रेपलाञ्चोक जिल्लाका मङ्गलबहादुर तामाङ अन्य समयको तुलनामा दसैंमा तरकारी किन्न कम मानिस आउने भएकाले पनि ताजा तरकारी ल्याउन नसकिएको स्वीकार गर्नुहुन्छ। यो समयमा कालिमाटी, बल्खुजस्ता थोक तरकारी बिक्रीस्थलमै ताजा तरकारी नपाइने गरेको पनि उहाँले बताउनुभयो।

दसैंमा सबैले मासु खान्छन् तरकारी किन्न आउँदैनन् भनेर ताजा तरकारी नआएको हुनसक्ने

*बाँकी अन्तिम पृष्ठमा*


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician

कन्सलटेन्ट फिजिसियन
मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७८१९८७

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझ्पन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

डेंगुबाट बचौं
- उच्च ज्वरो आउनु
- जोर्नी र मांसपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु
यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।
राजगढ गाउँपालिका
नर्घो, सप्तरी

# दसैंले सुनसान बन्यो काठमाडौं, सवारीसाधनको चाप अत्यन्त न्यून

काठमाडौं, १७ असोज (रासस)। बडादसैंको महासप्तमी अर्थात फूलपातीको दिन आइतबार अपराह्नसम्म उपत्यकाका चोक, गल्ली, मुख्य बजार, बसपार्क तथा जिल्ला जाने नाकामा सर्वसाधारणको चहलपहल बाक्लो थियो। विभिन्न जिल्ला निस्कने सवारी साधनको चापले पश्चिम जाने नाका नागढुङ्गामा विगत पाँच दिनदेखि देखिएको जाम चेकपोस्टसम्मै थियो।

आइतबार जब साँझ पर्दै गयो, विस्तारै नाका तथा बजार सुनसान हुँदै गए। त्यही सिलसिलामा नागढुङ्गा नाकाको विगत पाँच दिनदेखिको जाम खुल्यो। सवारी साधनको आवागमनसमेत ह्यात्तै घटेको छ। अन्य नाकाको अवस्था पनि त्यही रह्यो। महाअष्टमीको दिन सोमबार बिहान यहाँका विभिन्न स्थानमा यात्रुको चाप विगत केही दिनका तुलनामा अत्यन्त न्यून पाइयो। उपत्यकाभित्र सार्वजनिक र निजी सवारीको सङ्ख्या पनि घटेको देखियो।

अघिपछि ट्राफिक व्यवस्थापनमा चार/पाँच सुरक्षाकर्मी खटिने मुख्य चोकमा अहिले एउटा ट्राफिक प्रहरीले व्यवस्थापन गरिरहेका छन्। त्यही पनि सवारीसाधनको चाप नहुँदा उनीहरूले आराम गर्न भ्याएका छन्। नाकामा केही यात्रु अझै गन्तव्यका लागि सवारीसाधन पर्खिएका फेला परे भने केही सार्वजनिक र निजी सवारी साधन उपत्यका छाड्ने तरखरमा रहेका भेटिए। कलङ्कीमा गाडी कुरेर बस्नुभएका धादिङका उपेन्द्र अधिकारीले काम विशेषले नभ्याएकाले सोमबार मात्रै घर जान लागेको बताउनुभयो। उहाँले सवारीसाधन नआएकाले केही घण्टादेखि गाडीको प्रतिक्षामा रहेको गुनासो गर्नुभयो।

सडकमा कतिपय 'रिजर्ब' गरेका गाडी गन्तव्य जिल्ला सोझ्याइरहेका थिए। सोमबार पनि सवारीसाधन र यात्रुले उपत्यका छाड्दै छन्, तर यसअघिका दिनको तुलनामा निक्कै न्यून। राजधानी भित्रिने सवारी साधनको चाप पनि अत्यन्त न्यून देखिएको छ।

"अब विस्तारै उपत्यका खाली हुँदैछ, यात्रुको चाप कम भइसक्यो", काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका सहप्रवक्ता प्रहरी उपरीक्षक अवदेश विष्ट क्षेत्रीले भन्नुभयो, "दसैं मान्न धेरै जिल्ला पुगिसकेका छन्, बाँकी रहेका सोमबार जान्छन्।" सोमबारसम्म सुरक्षित यात्रा भएको छ।

ठूला दुर्घटना निम्तिएका छैनन्। यातायात व्यवसायीका अनुसार झण्डै १५ लाखदेखि २० लाखसम्मले काठमाडौं उपत्यका छाडेका छन्। तर प्रहरीको अभिलेखमा भने त्यो पाइँदैन। प्रहरीले राखेको यही असोज १० देखि १६ गतेसम्मको अभिलेखमा छ लाख ५० हजारले काठमाडौं छाडेका छन्। यो सार्वजनिक सवारी साधानमा चढेर गएका यात्रुको अभिलेख हो। तर निजी सवारीमा जाने पनि उत्तिकै छन्।

प्रहरी उपरीक्षक क्षेत्रीले धेरैजसो बाहिरिसकेको र केही काम विशेषले बसेकाहरू सोमबार र भोलि उपत्यका छाड्ने बताउनुभयो। काठमाडौंका बजार क्षेत्र सुनसान छन्। धेरैजसो पसल बन्द छन्। फाट्टफुट्ट पसल खुलेका छन्।

**आइतबार एक लाख ५६ हजारले राजधानी छाडे**

ट्राफिक प्रहरीका अनुसार यसवर्षको दसैंमा आइतबार सबैभन्दा बढी यात्रुले राजधानी छाडेका छन्। आइतबार एक लाख ५६ हजार यात्रुले राजधानी छाडेको पाइएको छ। त्यसअघि शनिबार एक लाख १६ हजार यात्रुले राजधानी छाडेको अभिलेख छ।

यही असोज १० गतेदेखि यात्रु बाहिरिने क्रम बढेको हो। प्रहरीका अनुसार घटस्थापनाको उक्त दिन आठ हजार सात सय २९ सवारीसाधानमा ४५ हजार आठ सय २३ यात्रु भित्रिएका थिए भने आठ हजार नौ सय चार सवारी साधानमा ६० हजार आठ सय ४१ यात्रु बाहिरिए।

असोज ११ गते आठ हजार चार सय २७ सवारी साधानमार्फत ४५ हजार ३३ यात्रु भित्रिएका थिए। त्यस दिन नौ हजार एक सय ६१ सवारी साधनमार्फत ६२ हजार चार सय ३२ यात्रु बाहिरिएको अभिलेख छ।

यस्तै असोज १२ गते आठ हजार नौ सवारी साधनमार्फत ४५ हजार दुई सय ६० यात्रु भित्रिए। त्यस दिन १० हजार ८६ सवारी साधनबाट ७१ हजार सात सय ६३ यात्रु बाहिरिए। यस्तै असोज १३ गते आठ हजार २३ सवारीमार्फत सोही हाराहारीमा यात्रु भित्रिएकामा १० हजार दुई सय १९ सवारीमार्फत ७४ हजार तीन सय ६२ यात्रु बाहिरिए।

यही असोज १४ गते सात हजार चार सय ६० सवारीमार्फत ३७हजार तीन सय ४० यात्रु भित्रिँदा १० हजार दुई सय ६७ सवारी साधनमार्फत ८४ हजार ८७ यात्रु बाहिरिएको तथ्याङ्क छ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५


## हार्दिक मंगलमय शुभकामना



२०७९ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण पालिकावासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**ओमप्रकाश मण्डल**
अध्यक्ष
तथा
राजगढ गाउँपालिका परिवार
नर्हो, सप्तरी


## विश्व समाचार

### सन् २०२२ को चिकित्सातर्फको नोबेल पुरस्कार स्वीडेनका स्वान्टे पाबोलाई

स्टकहोम, १७ असोज (रासस/सिन्ह्वा)।

स्वीडेनका वैज्ञानिक स्वान्टे पाबोले 'लोपोन्मुख होमिनिनको जीनोम र मानव विकाससँग सम्बन्धित' खोजका लागि सन् २०२२ को चिकित्साशास्त्रतर्फको नोबेल पुरस्कार प्राप्त गर्नुभएको नोबेल समितिले सोमबार घोषणा गरेको छ।

पुरस्कार समितिका अनुसार मानव जातिको विलुप्त तर मानव जाति निकट पूर्वज प्रजाति नियनडर्थहरूको आनुवांसिक सङ्केत पत्ता लगाएर असम्भव देखिने काम गरेकाले उहाँलाई पुरस्कार प्रदान गर्ने निर्णय गरिएको जनाएको छ।

नोबेल कमिटीले भनेको छ, "अहिले जीवित मानव र लुप्त भइसकेको होमिनिनहरूबीचको भिन्नता देखाउने आनुवंशिक फरक हाम्रा अगाडि राखिदिएर उहाँको अनुसन्धान हामी मानव विशिष्ट कसरी छौं भन्ने पत्ता लगाउने आधार बनेको छ।"

नीयनडर्थल डीएनए र संसारभरि रहेका मानवको डीएनएबीच गरिएको तुलनापछि उनीहरूको डीएनए युरोप र एसियाका मानिसहरूको डीएनएसँग मिल्दोजुल्दो पाइएको छ।

यसले होमो स्यापियन्सले ७० हजार वर्ष अगाडि अफ्रिकाबाट बसाइँ सरेपछि होमो स्यापियन्ससँग यौनसम्पर्क राखेर बच्चा जन्माएको थिए भन्ने बताउँछ र हामी आज पनि त्यसको विरासत देख्न सक्छौं।

उहाँले यसपहिले पहिले अज्ञात होमिनिन, डेनिसोभाहरू पत्ता लगाउने सनसनीपूर्ण खोज पनि गर्नुभएको थियो।

प्रोफेसर पाबोले नोबेल कमिटी फर फिजिओलोजी अर मेडिसिनका सचिव थोमस पर्लमनले फोनद्वारा उहाँ पुरस्कृत भएको जानकारी दिनुभएको थियो। पर्लमनले स्वान्टे पाबोलाई पुरस्कारबारे जानकारी गराउँदा उहाँले "आँफू आल्हादित, शब्दविहीन साह्रै खुशी छु, भन्नुभएको थियो। उहाँले १ करोड स्वीडिश क्रोनर अर्थात् ८ लाख बेलायती पाउन्ड बराबरको पुरस्कार प्राप्त गर्नुहुनेछ।

### इन्डोनेसियामा रङ्गशालामा भएको भागदौडमा मृत्यु हुनेमा ३२ जना बालबालिका

मलङ्ग, इन्डोनेसिया, १७ असोज (रासस/एएफपी)।

इन्डोनेसियाको रङ्गशालामा भएको दुर्घटनाका कारण मृत्यु हुनेमा कम्तीमा ३२ जना बालबालिका रहेको पुष्टि गरिएको छ।

सरकारले फुटबल इतिहासकै सबैभन्दा घातक घटनामध्ये एकको 'दोषी' पत्ता लगाउन प्रहरीलाई आदेश दिएको छ।

शनिबार राति मलङ्ग शहरमा खचाखच भरिएको रङ्गशालामा अधिकारीहरूले अश्रुग्यास प्रहार गर्दा १२५ जनाको मृत्यु हुनुका साथै अन्य ३२३ जना घाइते भएका थिए।

महिला सशक्तीकरण तथा बाल संरक्षण मन्त्रालयका एक अधिकारीले सोमबार एएफपीलाई बताएअनुसार यो अराजकतामा फसेका दर्जनौं बालबालिकाले ज्यान गुमाएका छन्।

"हामीले प्राप्त गरेको पछिल्लो तथ्याङ्कअनुसार दुर्घटनामा मृत्यु भएका १२५ जनामध्ये ३२ जना बालबालिका थिए, जसमध्ये सबैभन्दा कम तीन वा चार वर्षका बालबालिका थिए," नाहरले भन्नुभयो।

इन्डोनेसियाका मुख्य सुरक्षा मन्त्री महफुद एमडीले घटनाको अनुसन्धानका लागि कार्यदल गठन गरिएको घोषणा गर्नुभयो।

उहाँले भन्नुभयो, "हामी राष्ट्रिय प्रहरीलाई आगामी केही दिनमा अपराध गर्ने अपराधी पत्ता लगाउन निर्देशन दिएका छौं।"

### सिङ्गापुरद्वारा हानिकारक अनलाइन सामग्रीलाई नियन्त्रण गर्न नयाँ कानून प्रस्ताव

सिङ्गापुर, १७ असोज (रासस/एएफपी)।

सिङ्गापुरद्वारा हानिकारक अनलाइन सामग्रीलाई नियन्त्रण गर्न नयाँ कानून प्रस्ताव गरेको छ।

सिङ्गापुरको संसदमा सोमबार पेश गरिएको प्रस्तावित कानूनअन्तर्गत 'हानिकारक' सामग्रीमा पहुँच गर्नबाट प्रयोगकर्तालाई रोक्न नसकेमा सिङ्गापुरमा सामाजिक सञ्जाल साइटहरू ब्लक वा जरिवाना गर्न सकिने छ। विधेयकअन्तर्गत नियामकहरूले सामाजिक सञ्जालहरूलाई हिंसा र आतङ्कवादको वकालत गर्ने वा बाल यौन शोषणको चित्रण गर्ने जस्ता 'घृणित सामग्रीहरू' ब्लक गर्न आदेश दिन सक्दछन्।

सञ्चार तथा सूचना मन्त्रालयले सोमबार जारी गरेको विज्ञप्तिमा भनिएको छ,"सिंगापुरमा सार्वजनिक स्वास्थ्य जोखिम निम्त्याउने वा जातीय तथा धार्मिक वैमनस्यता निम्त्याउने सामग्रीपनि समावेश गरिएको छ।"

मन्त्रालयले भनेको छ,"केही अनलाइन सेवाहरूले हानिकारक सामग्रीलाई सम्बोधन गर्ने प्रयास गरेका छन्, तर उच्च स्तरको डिजिटल प्रवेश र सिंगापुरका प्रयोगकर्ताहरूबीच अनलाइन सेवाहरूको व्यापक प्रयोग बालबालिकासहित हानिकारक अनलाइन सामग्रीको व्यापकता चिन्ताको विषय बनेको छ।"

नियामकहरूले प्लेटफर्महरूलाई सिंगापुरमा प्रयोगकर्ताहरूले पहुँच गर्नबाट एक विशिष्ट खाता ब्लक गर्न आदेश दिन सक्दछन्, तर आदेशहरू निजी संचारमा लागू हुनेछैनन्। यो विधेयकमाथि नोभेम्बरमा संसदमा छलफल हुनेछ। यदि यो पारित भयो भने, यसले अधिकारीहरूलाई अनलाइन सामग्री नियन्त्रण गर्न अर्को सुविधा दिनेछ।

सिङ्गापुरले गत वर्ष आन्तरिक राजनीतिमा विदेशी हस्तक्षेप रोक्ने उद्देश्यले विवादास्पद कानुन पारित गरेको थियो।

कानूनले अधिकारीहरूलाई इन्टरनेट सेवा प्रदायकहरू र सामाजिक सञ्जालहरूलाई प्रयोगकर्ताहरूको जानकारी प्रदान गर्न, सामग्री ब्लक गर्न र उनीहरूले शत्रुतापूर्ण ठानेको सामग्री फैलाउन प्रयोग गरिने अनुप्रयोगहरू हटाउन बाध्य पार्न अनुमति दिन्छ।

तीन वर्षअघि सिङ्गापुरले 'फेक न्यूज' सँग जुध्न एक कानून पारित गरेको थियो, जसले सरकारका मन्त्रीहरूलाई सामाजिक सञ्जालहरूलाई अधिकारीहरूले झूटा ठानेका पोष्टहरूको छेउमा चेतावनीहरू राख्न आदेश दिने अधिकार दिन्छ, र चरम अवस्थामा तिनीहरूलाई हटाइन्छ।

# बन्दसूची संशोधनसँगै दलहरूको आन्तरिक किचलो कम हुँदै

काठमाडौँ, १७ असोज (रासस) ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि समानुपातिक प्रणालीतर्फ आयोगमा संशोधित बन्दसूची बुझाइएसँगै राजनीतिक दलहरूभित्रको आन्तरिक किचलो क्रमशः कम हुन थालेको छ ।

प्रमुख दलहरूभित्र समानुपातिकको बन्दसूचीमा को पर्ने, नपर्ने, आफ्ना समूहका बढी सङ्ख्या कसरी समावेश गराउने भन्नेमा एक प्रकारको रस्साकस्सी भएकामा कतिपय दलले आन्तरिक गुनासो सम्बोधन गरेर संशोधनको सूची बुझाउने समय सकिएपछि विवाद शान्त हुन थालेको हो । बन्दसूचीमा सूचीकृत कुनै उम्मेदवारले आफ्नो नाम फिर्ता लिन चाहेमा सोमबार बिहान १० बजेदेखि १२ बजेसम्म निवेदन दिने र सोमबारै दिउँसो १ बजेदेखि ३ बजेसम्म उम्मेदवारी फिर्ताबारे सम्बन्धित दललाई जानकारी दिने कार्यक्रम छ ।

निर्वाचन आयोगमा यसको विस्तृत विवरण सङ्कलन हुने क्रम जारी छ । बन्दसूचीका संशोधित सूची बुझाउने अन्तिम अवधि असोज १६ गतेसम्मका लागि दिइएको थियो । ठूला दलहरू नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), एकीकृत समाजवादी, जनता समाजवादी, राष्ट्रिय प्रजातन्त्र पार्टीलगायत दलले शनिबार नै आफ्नोतर्फको संशोधन पेस गरेका थिए । आयोगले बन्दसूचीको प्रस्तावमाथि जाँचबुझ गरी संशोधनका लागि असोज ४ गतेदेखि ९ गतेसम्म सूची पेस गर्न राजनीतिक दलहरूलाई आग्रह गरेको थियो । आयोगको सुझाव बमोजिम ती दलले असोज १० देखि १६ गतेसम्म परिमार्जित सूची पेस गर्नुपर्नेछ । सम्बन्धित दललाई संशोधनका लागि पत्र पठाएको मितिले सात दिनभित्र संशोधन पेस गर्नुपर्ने व्यवस्था गरिएको थियो ।

निर्वाचन कार्यक्रम अनुसार यही असोज २० गतेदेखि २२ गते ३ बजेसम्म उम्मेदवारी फिर्ता लिएको कारणबाट रिक्त हुने स्थानमा सोही समूहले अर्को उम्मेदवारको मनोनयन गरी सम्बन्धित राजनीतिक दलले आयोगमा पेस गर्ने निर्वाचन कार्यक्रम छ । यस्तै यही असोज २२ गते उम्मेदवारको बन्दसूचीमा सूचना प्रकाशन गर्ने, असोज २३ गतेदेखि २९ गतेसम्म बन्दसूचीमा नाम समावेश भएका उम्मेदवारको योग्यतासम्बन्धी दाबी विरोधको निवेदन दिने, असोज ३० गते दाबी विरोधको निवेदनमाथि जाँचबुझ र निर्णय लिने, कात्तिक ८ गते बन्दसूचीबाट उम्मेदवारको नाम हटेको सूचना प्रकाशन गर्ने र कात्तिक ९ गते उम्मेदवारको बन्दसूची अन्तिमरूपमा प्रकाशन गर्ने कार्यक्रम छ । यी सबै कार्य बहादुर भवनस्थित आयोगको कार्यालयबाट हुनेछन् । यही असोज २ र ३ गते उक्त बन्दसूची पेस गरिएको थियो ।

# निर्वाचनमा करिब २० हजार पर्यवेक्षक हुने

काठमाडौँ, १७ असोज (रासस) ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि स्वदेशी र विदेशी गरी करिब २० हजार पर्यवेक्षक परिचालित हुने भएका छन् ।

आयोगले पर्यवेक्षणका लागि गरेको आह्वानअनुसार आवेदन दिई स्वीकृति प्राप्तमध्ये ४३ वटा स्वदेशी संस्थाले पेस गरेका आँकडा अनुमान गर्दा करिब २० हजार पर्यवेक्षक हुने आयोगका सहप्रवक्ता कमल भट्टराईले जानकारी दिनुभयो । विदेशीतर्फ हालसम्म दुईवटा संस्थाले पर्यवेक्षणका लागि अनुमति पाएका छन् । उहाँले केही संस्थाहरू पर्यवेक्षकलाई सहरी र सुविधास म्पन्न क्षेत्रमा मात्र नभई दूरदराजका मतदानस्थलमा पनि पर्यवेक्षण गराउने गरी काम भइरहेको बताउनुभयो ।

आयोगले भारत, बङ्गलादेश, भूटान, माल्दिभ्स, पाकिस्तान र श्रीलङ्काका प्रमुख निर्वाचन आयुक्तहरू तथा मतदानको दिन अवलोकनका लागि नेपालस्थित विदेशी कूटनीतिक नियोगका प्रमुखहरूलाई मतदानको अवलोकनका लागि आग्रह गरेको छ ।


जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**


# डेङ्गुबाट बच्दै सचेत भएर दसैं मनाउन सुशील कोइराला फाउन्डेसनको आह्वान

काठमाडौँ, १७ असोज (रासस) ।

सुशील कोइराला मेमोरियल फाउन्डेसनले डेङ्गु रोगको सङ्क्रमण बढिरहेकाले सचेततापूर्वक महान् पर्व बडादसैँ मनाउन आह्वान गरेको छ । नेपालीको महान् पर्व बडादसैँ, दीपावली र छठ पर्वको शुभकामना व्यक्त गर्दै पूर्वप्रधानमन्त्री कोइरालाका नाममा खुलेको फाउन्डेसनले चाडबाड मनाउँदा स्वास्थ्यलाई पनि पहिलो प्राथमिकतामा राख्न आग्रह गरेको हो ।

फाउन्डेसनका अध्यक्ष एवं नेपाली कांग्रेसका पूर्वमहामन्त्री डा शशाङ्क कोइराला र सदस्यसचिव अतुल कोइरालाले जारी गर्नुभएको विज्ञप्तिमा चाडबाडको खुसियालीसँगै रोगको सङ्क्रमण बढ्न नदिन सचेत रहनुपर्नेतर्फ सबैको ध्यानाकृष्ट गराएको हो । कोरोनाको जोखिमसमेत पूर्ण रूपमा अन्त्य नभएकाले लापरबाही गर्नु नहुने फाउन्डेसनको आग्रह छ ।

फाउन्डेसनले बडादसैँ, तिहार र छठलगत्तै हुन लागेको सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान संविधानसभाबाट जारी भएपछिको दोस्रो संसदीय निर्वाचनमा पनि अहिलेदेखि सक्रिय हुन आम जनसमुदायमा अनुरोध गरेको छ । संविधानसभाबाट जारी भएको संविधान च्यात्न केही शक्ति सक्रिय भएको देखिएकाले त्यसको संरक्षणका लागि जुट्न पनि फाउन्डेसनले लोकतन्त्रप्रेमी जनसमुदायमा आग्रह गरेको हो । संविधानको रक्षाका लागि निर्वाचनमा धेरैको सक्रिय सहभागिता आवश्यक पर्नेमा फाउन्डेसनले जोड दिएको छ ।

विसं २०७२ असोज ३ गते संविधानसभाबाट संविधान जारी गर्ने प्रधानमन्त्री सुशील कोइरालाका नामबाट खुलेको फाउन्डेसनले वर्तमान संविधानको रक्षाका लागि जनस्तरमा पुगेर विभिन्न रचनात्मक गतिविधि सञ्चालन गर्दै आएको छ । फाउन्डेसनको संरक्षकमा नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा रहनुभएको छ ।

## *सागसब्जी ताजा ...*

असनको तरकारी बजारमा भेटिनुभएका दुर्गादत्त पन्तले बताउनुभयो । मांसाहारीका सङ्ख्या धेरै भए पनि शाकाहारीले तरकारी पनि माग गर्छन् भन्नेमा ध्यान जान नसकेको उहाँले अनुभव सुनाउनुभयो । दसैँका बेला कालीमाटीकै तरकारी बजार पनि सुनसान हुने गरेको छ ।

बाहिरबाट तरकारी बिक्री गर्नेहरु पनि दसैं मान्न व्यस्त हुने भएकाले समेत यो बेला ताजा तरकारी नपाइएको उपभोक्ता बताउँछन् । तरकारी व्यवसायी यो बेला कमैले मात्र पसल खोलेका हुन्छन् । धेरै जना भने दसैं मनाउनमै व्यस्त हुने गरेका छन् । बजारमा खसी, बोकाको अनुगमन भए पनि यो बेला तरकारी बजारको भने अनुगमन नगरिँदा पनि तरकारीको भाउ बढ्ने गरेको छ ।

मासुको भाउ खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले तोकेको छ । एक किलो खसीको मासुको रु सात सय ३० तोकेकाले त्यही हाराहारीमा बजारमा बिक्री भएको छ । तर तरकारीको भने कालिमाटी बजारले पनि दसैँमा बजारलाई आफूखुसी छोडेको हो कि भन्ने उपभोक्ताको गुनासो छ ।

बजारमा पनिरको भाउ पनि विगतका दसैँमा भन्दा बढेको उपभोक्ताको भनाइ छ । गत वर्ष दसैँमा रु सात सय ५० कममै प्रतिकिलोग्राम पनिर पाएका उपभोक्ताले यस वर्ष भने गत वर्ष भन्दा रु एक सय ५० सम्म बढी तिरेको सुनाए । यो वर्ष बजारमा पनिरको भाउ रु आठ सय ५० देखि रु नौ सयसम्म छ । च्याउको प्रजातिको मूल्य पनि बढेको छ ।

मिठाइको भाउ पनि विगत वर्षको भन्दा बढेको छ । बजारमा ताजा मिठाइ पनि दसैँमा पाउन नसकिएको चावहिलका स्थानीयवासी राजेन्द्र नेपाल बताउनुहुन्छ । दसैँमा शाकाहारीले बजारबाट मिठाइ किनेर ल्याउँदा ताजा पाउन नसकिएको उहाँले सुनाउनुभयो । बजार व्यवस्थापन एवं अनुगमनमा स्थानीय सरकारको ध्यान नजाँदा उपभोक्ता यस्तो मर्का सहन बाध्य हुनुपरेको हो ।


जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं ।

- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं ।
- घर तथा कार्यस्थलबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- कुहिने र नकुहिने फोहरलाई छुट्टाछुट्टै राखौं ।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं ।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं ।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं ।

शहर तथा गाउँ स्वच्छ र सफा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*